## आ.व. २०७४/०७५ को नवौ बैठक

आजमिति २०७४ साल चैत्र ०४ गते आइतवार राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिलबमोजिम छन ।

### उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी,राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री बेदप्रसादचौधरी,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री कुवारी देवीकार्की,राप्ती गाउँकार्यपालिका ।

सदस्यश्री जगतवहादुर थापा,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री तारावहादुर डि.सी,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णवहादुर रानामगर,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी,राप्ती गाउँकार्यपालिका ।

सदस्यश्रीसुनितामल्ल,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी,राप्ती गाउँकार्यपालिका ।

सदस्यश्री चन्दर चौधरी,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर,राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार,राप्ती गाउँकार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल ,राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

रेशमराज अधिकारी [illegible]

धर्मराज वली, लेखापाल

Scanned with CamScanner

## बैठकका प्रस्तावहरु

१ तालिम कार्यक्रम संसोधन सम्वन्धमा

२. सम्पुरक कोषको रकम विनियोजन सम्वन्धमा ।

३. घर नक्सापास तथा अभिलेखिकरण सम्वन्धमा ।

४. विपन्न वर्ग सहयोग कार्यक्रम संचालन सम्वन्धमा ।

५. करार कर्मचारीहरुलाई चाडपर्व खर्च तथा पोशाक उपलब्ध गराउने सम्वन्धमा ।

६.पदपूर्ति सम्वन्धमा ।

७ विभिन्न तोक आदेशको कार्यान्वयन सम्वन्धमा ।

८गाउँ सभाको मिति तोक्ने सम्वन्धमा ।

९.नेपाल बैंक लि.को लागि स्थान सिफारिश सम्वन्धमा ।

१०.कार्यक्रम संसोधन सम्वन्धमा ।

११.पदाधिकारी सुविधा सम्वन्धमा ।

१२. निर्देशन सम्वन्धमा ।

१३.अनुगमन तथा सुपरिवेक्षण समिति सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथीछलफल गर्दा २०७४।५।२७ गते वसेको प्रथम गाउँसभावाट पारित लैंगिक समानता तथा समावेशीकरण कार्यक्रमहरु कार्यान्वयन गर्न कठिनाई हुने देखिएको र लक्षित वर्गले समेत उपलब्धीमुलक प्रतिफल प्राप्त गर्न नसक्ने देखिएकोले देहायका क्रम संख्या रहेका कार्यक्रमहरुको कुल वजेट रु ३८,२५,७६०/- लाई देहायका कार्यक्रमहरुमा खर्च गर्न गरी कार्यक्रम संसोधन गर्ने निर्णय गरियो :

सिं. नं.हरु : १,४,८,,१४,१७,१८,२७,३७,४०,४१,४२,४५,४६,४७,४८, ५१, ५५,५६,५७,६०,६१,६३,६४,६५,६६ को जम्मा **रु ३८,२५,७६०/-**

**संसोधित कार्यक्रम र वजेट :**

१) लोक सेवा आयोग तयारी कक्षा : (३० जना ४५ कक्षा) रु ४,५०,०००/-

सहभागीहरुलाई कक्षागत सामाग्री वितरण रु ५०,०००/-

२) भुकम्प प्रतिरोधी भवन निर्माण डकर्मी तालिम (७ दिन ३० जना) रु २,५०,०००/-

सहभागीहरुलाई सहयोगी सामाग्री वितरण रु ५०,०००/-

३) विद्यालय स्तरका वालक्लवहरुलाई खेलकुद सामाग्री सहयोग रु ४,५०,०००/-

वालक्लव क्षमता विकास कार्यक्रम रु २,००,०००/-

Scanned with CamScanner

४)होम स्टे संचालन सम्वन्धि अभिमुखीकरण तालिम : रु ४,००,०००/-

सहभागीहरुलाई कार्यान्वयन सहयोग रु ६,००,०००/-

५)प्लम्बिङ्ग/हाउस वायरिङ्ग तालिम रु(२× २ ×९ जना ) रु ३,००,०००/-

सहभागीहरुलाई सहयोग सामाग्री वितरण रु १००,०००/-

६)बैकिङ्ग कारोवार सम्वन्धी आधारभूत कम्प्युटर तालिम रु(२× ९ जना ) रु ३,००,०००/-

७) विद्यालयहरुमा ट्राफिक नियम सम्वन्धी सचेतना मुलक कार्यक्रम सञ्चालन रु २,००,०००/-

८) शारीरिक अपाङ्गहरुका लागि सहायक सामाग्री वितरण : १,९१,६००/-

९) आरन सुधार कार्यक्रम : १,१७,३००/-

१०)विपन्न वर्ग सहयोग कार्यक्रम अन्तर्गत औषधोपचार सहयोग १,६६,८६०/-

विपन्न वर्ग आर्थिक सहायता प्राप्त गर्न निम्न अनुसारको दायरा तोक्ने :

क) गाउँपालिकावाट कुनै किसिममा सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेको हुनुपर्ने ,

ख) निजको एकाघर सगोलका परिवारको नाममा घर जग्गा एवं व्यवसाय गरी जम्मा ३ लाख भन्दा कमको सम्पत्ति रहेको र सोको कागजात पेश गरेको हुनुपर्ने ,

ग) एक वर्ष भित्र कुनै किसिमको आर्थिक सहायता प्राप्त नगरेको हुनुपर्ने ।

घ)निजको औषधी उपचारमा ५,०००/- भन्दा वढी उपचार खर्च लाग्ने भनी सरकारी अस्पतालले सिफारिश गरेको हुनुपर्ने ।

र जिल्ला स्थित सरकारी अस्पतालमा उपचार हुन नसक्ने भी सिफारिश गरेको हुनुपर्ने ।

ङ)सम्वन्धित वडाका पाचै जना वडा समिति सदस्यहरुको बैठकवाट निर्णय भई सिफारिस प्राप्त गरेको हुनुपर्ने ।

यसै वमोजिमको कागजात र सरकारी अस्पताल वा रिफर गरीएको अस्पतालले जारी गरेको विलभरपाई कागजातको आधारमा निम्न अनुसारका पदाधिकारी सम्मिलित आर्थिक सहयोग समितिको निर्णय बमोजिम आर्थिक सहयोग प्रदान गर्ने ।

गाउँपालिकाको अध्यक्ष : संयोजक

गाउँपालिकाको उपाध्यक्ष : सदस्य

प्रमुख प्रशासकीय अधिकृत : सदस्य

गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक : सदस्य

गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक : सदस्य

राजश्व तथा आर्थिक प्रशासन शाखा प्रमुख : सदस्य

स्वास्थ्य संयोजक : सदस्य सचिव

Scanned with CamScanner

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकाको २०७४।५।२७ गते वसेको प्रथम गाउँसभावाट सम्पुरक कोष स्थापना भएकोमा उक्त कोषवाट खर्च हुने गरी पर्याप्त प्रस्तावहरु प्राप्त हुन नआएको र केही कार्यक्रम तथा आयोजनाहरुमा रकम अपर्याप्त हुन गई उल्लेखित लक्ष हासिल हुन नसकेकोले देहाय बमोजिमका कार्यक्रम तथा आयोजनाहरुमा उक्त कोषको रकम रु १,५०,००,०००/-मध्ये रु १,२९,००,०००/- विनियोजन गर्ने निर्णय गरियो :

१) सवारी साधन खरिद : जम्मा रु ५३,००,०००/-
क)Road Roller मा रु १५,००,०००/- थप गर्ने
ख)सवारी साधनमा खरिद तथा भन्सार खर्च रु २३,००,००० /-
ग)टेक्टर खरिदमा रु १५,००,०००/-
२) नेपाल राष्टिय मा.वि भवन निर्माण : रु ४,००,०००/- थप गर्ने
३) चैते शान्तीपुर कल्भर्टमा रु १,००,०००/- थप गर्ने ।
४) स्वास्थ्य चौकीको भवन निर्माणमा २,००,०००/- थप गर्ने ।
५) वडा नं. ८ कोहलुवामा अधुरो कल्भर्ट मा रु ३,००,०००/- थप गर्ने ।
६ )सिंगेमा वाटो ग्रेवल : रु ३,००,०००/- विनियोजन गर्ने ।
७)पहरुवा विद्यालय भवन निर्माण : रु ४,००,०००/- थप गर्ने ।
८)पशु बृद्धाश्रम-दाहा संस्कार जाने वाटोमा : रु ३,००,०००/- थप गर्ने ।
९) कृषि क्षेत्र ,पशु क्षेत्र तथा स्वास्थ्य क्षेत्रमा : रु १५,००,०००/- थप गर्ने एवं उक्त कार्यक्रम स्वीकृत गर्न प्र.प.अधिकृतलाई अख्तियारी प्रदान गर्ने ।
१०)विजौरी कुलोको आरसिसीमा रु ३,००,०००/- थप गर्ने ।
११) वडा नं. ७ को छोटकी सिसहनिया नाला निर्माणमा थप रु ५,००,०००/-
१२) खुरुरिया कठाहा विचमा वाटो स्तरोन्नती रु ३,००,०००/-
१३) आचार्य टोलको नाला निर्माण थप रु ३,००,०००/-
१४) भालुवाङ्ग वजार पछाडी राप्ती नदी तर्फको वाटो स्तरबृद्धि : १,००,०००/-
१५)कठाहा नाला निर्माण २ नं. वडामा ३,००,०००/-
१६)वगिया जाने वाटो स्तरोन्नती २ नं. वडामा २,००,०००/-
१७)वडका गल्लीमा नाली निर्माण ३ नं. वडामा ३,००,०००/-
१९)जुनकिरी समुहको डिप वोरिङ्ग ४ नं. वडामा ३,००,०००/-
२०)डुवान पर्ने स्थानमा नाला निर्माण ५ नं. वडामा १,००,००० /-
२१)वडाको जग्गा संरक्षण ६ नं. वडामा ३,००,०००/-
२२)मौरीघाट भानपुर सडक स्तरोन्नती ७ नं. वडामा ३,००,०००/-
२३)वगिया टोल जाने वाटोमा कुलो लाइनिङ्ग ८ नं. वडामा ३,००,०००/-
२४)विद्युत पोल थप ९ नं. वडामा ३,००,०००/-
२५) उद्घघोषण तालिम रु( २ ×९ जना ) रु २,००,०००/-

Scanned with CamScanner

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा नक्सा निर्माण तथा डिजाइनमा सूचीकृत परामर्शदाताहरुवाट अनावश्यक शुल्क लिइरहेको भनी ब्यापक जनगुनासो आइरहेको एवं यस गापामा यस भन्दा अगाडी भवन निर्माण नक्सापास सम्वन्धी प्रावधान लागू नरहेको अवस्थालाई मध्ये नजर गर्दै आगामी असार मसान्त सम्ममा गा.पा.वाट नक्सापास गर्ने प्रयोजनका लागि परामर्शदातालाई प्रतिस्पर्धात्मक रुपमा छनौट गरी गा.पा.वाटै भुक्तानी दिन आयोजना ब्यवस्थापन खर्च शिर्षकमा विनियोजित रु ५५,४२,०००/- मध्येवाट रु १०,००,०००/- विनियोजन गर्ने निर्णय गरियो । साथै घर नक्सा अभिलेखिकरण गर्ने म्याद २०७५ साल असार मसान्त सम्मका लागि थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गा.पा.भित्रका विपन्न वर्गका ब्यक्तिहरुलाई देहाय बमोजिमको शर्तहरुका अधिनमा रही अनाथ वालवालिकाहरुका लागि महिला तथा वालवालिका कोषवाट मासिक आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो :

अनाथ वालवालिका आर्थिक सहयोग प्राप्त गर्न निम्न अनुसारको दायरा तोक्ने :

क) गाउँपालिकावाट कुनै किसिममा सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेको हुनुपर्ने,

ख) निजको वावुआमा दुवै मरेका वा बेपत्ता भएको हुनुपर्ने ।

(मरेको भए मृत्यु दर्ता,बेपत्ता भए वडाको किटानी सिफारिश र आमाले अर्को विवाह गरि गएको भए सो को प्रमाण )

ग) १६ वर्ष पूरा नभएको हुनुपर्ने ।

घ)यसै गाउँपालिकामा जन्म भएको वा स्थायी वासिन्दा हुनुपर्ने ।

यस प्रावधान बमोजिम पहिचान भएका अनाथ वालवालिकाहरुलाई यस आ.व. को शुरु महिना देखि मासिक रु ५००/- उपलब्ध गराउने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस कार्यालयमा कर्मचारीहरुका लागि सेवा सुविधाको सम्वन्धमा एकरुपता ल्याउनका लागि यसै आ.व. देखि यस कार्यालयका करार कर्मचारीहरुलाई पनि निजले पाउने १ महिनाको पारिश्रमिक वरावर चाडपर्व खर्च र नेपाल सरकारले उपलबध गराए बमोजिमको पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस गाउँपालिकामा देहाय बमोजिमको कर्मचारी पदपूर्ति समिति गठन गर्ने र गाउँ स्वास्थ्य इकाईका कर्मचारी पदपूर्ति सम्वन्धमा रोकिएको प्रकृया तत्काल शुरु गर्न,कार्यालयका लागि आवश्यक अमिन संख्या १ पदपूर्ति प्रकृया शुरु गर्न समितिलाई निर्देशन दिने निर्णय गरियो । सो को लागि आवश्यक वजेट मानव संसाधन विकास कोषवाट लोक सेवा आयोगको नर्म्स बमोजिम खर्च गर्न स्वीकृति दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत : संयोजक

जि.स.स.का अधिकृत स्तरका कर्मचारी प्रतिनिधी : सदस्य

स्वास्थ्य संयोजक नारायण राउत : सदस्य

लेखापाल धर्मराज वली : सदस्य

सहलेखापाल रेशमराज अधिकारी : सदस्य-सचिव

Scanned with CamScanner

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी  छलफल गर्दा अध्यक्ष ज्यूवाट विभिन्न निवेदनहरुमा भएका तोक आदेशहरु लाई सम्वोधन गर्ने सन्दर्भमा यस गाउँपालिकामा स्थापना भएको विपद व्यवस्थापन कोष र मर्मत सम्भार कोष संचालन निर्देशिका वनाई सोही अनुसार खर्च गर्न गाउँपालिका अध्यक्षलाई अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस गाउँपालिकाको दोश्रो गाउँसभा मिति २०७४ साल चैत्र २६ गते गर्ने गरी मिति तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा यस गाउँपालिकामा स्थापना हुने नेपाल बैकको शाखा स्थापनाका लागि **राप्ती गाउँपालिका वडा नं. ५ सिसहनिया**

स्थान सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथी छलफल गर्दा यस गाउँपालिकाको पहिलो गाउसभा वाट पारित भएका देहाय बमोजिमका योजना कार्यक्रमहरुलाई देहाय बमोजिम संसोधन गर्ने निर्णय गरियो ।

क)संस्थागत क्षमता विकास शिर्षकको सि.नं. ४ को कार्यक्रमका लागि अन्य शिर्षकवाट वजेट व्यवस्था भैसकेकोले उक्त रकम **आवश्यक नियमावली र निर्देशिका निर्माण** मा थप गर्ने ।

ख))संस्थागत क्षमता विकास शिर्षकको सि.नं. १ र ५ को कार्यक्रमको रकम आवधिक योजना निर्माणमा रु १०,००,००० /- र गाउँसडक गुरुयोजना निर्माणमा रु १०,००,०००/- विनियोजन गर्ने ।

ग)पर्यटन शिर्षकको सि.नं. ६ र ७ विनियोजित रकम रु ४,५०,०००/-वाट  यस गापाको पर्यटन विकास गुरुयोजना निर्माण गर्ने ।

घ ) जलाधार संरक्षण शिर्षकको सि.नं. छ लाई संसोधन गरी “सोती टोल देखि जाकिनी सम्मको मोटरवाटो नया ट्रयाक खोल्ने” कायम गर्ने

ङ) लैगिंक समानता शिर्षकको सि.नं. १९ लाई संसोधन गरी “मुक्त कमैया कमलरी तथा भुमीहिनहरुको लगत संकलन गर्ने ” कायम गर्ने ।

Scanned with CamScanner

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथी छलफल गर्दा पदाधिकारी सुविधा सम्वन्धमा छलफल गर्दा यस गाउँपालिकाका देहाय बमोजिमका पदाधिकारी ज्यूहरुलाई २०७४ साल चैत्र देखि लागू हुने गरी देहाय अनुसारको सुविधा उपलब्ध गराउने निर्णय गरियो :

| सिनं | पदाधिकारी विवरण | मासिक संचार खर्च रु | मासिक इन्धन खर्च | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | २५०० | खर्च भए बमोजिम | |
| २ | उपाध्यक्ष | १५०० | खर्च भए बमोजिम | |
| ३ | वडा अध्यक्ष | १००० | १५ लिटर | Land Line भएका वडाहरुको लागि । |
| | | १५०० | १५ लिटर | Land Line नभएका वडाहरुको लागि । |
| ४ | कार्यपालिका सदस्य | १००० | १० लिटर | दोहोरो नपर्ने गरी । |
| ५ | वडा सदस्यहरु | ५०० | ५ लिटर | |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथी छलफल गर्दा यस गाउँपालिका तथा मातहत कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको लागि समय सापेक्ष सेवा सुविधा एवं पारिश्रमिक उपलब्ध गराउनका लागि आवश्यक ब्यवस्था मिलाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृत ज्यूलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथी छलफल गर्दा यस गाउँपालिकामा संचालित हुने आयोजना/कार्यक्रमहरुको प्रभावकारी अनुगमन गर्नका लागि रु ५,००,०००/- सम्म वजेट सिमा रहेका आयोजनाहरुको अनुगमन सुपरिवेक्षण तथा भुक्तानी सिफारिश गरी प्रतिवेदन पेश गर्न वडा समितिलाई वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति ५ दिन भित्र गठन गरी सो को जानकारी गाउँपालिकालाई गराउने र उक्त समितिको प्रतिवेदन समेतका आधारमा भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने र रु पाँच लाख भन्दा बढी लागतका आयोजनाको हकमा साविक वमोजिम हुने निर्णय गरियो ।

Scanned with CamScanner